३१ असोज २०६६

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

# कोसेली

## शरणार्थीको तिहार

अमेरिका जाने भुटानी शरणार्थी अन्तिमपटक तिहार मनाउँदै छन्

पृष्ठ ग



# सुनाखरी सिक्किम

दिनेश वाग्ले

तस्बिर : लेखक



'तर तिमी नेपाली,' मेरो हातको पासपोर्टको आवरणमा हेर्दै गर्दा उसले सोध्यो- 'यो देखाउनुपर्छ र ?'

मलाई बोल्न अल्छी लागेको थियो ।

'मैले ठान्याथैं, हामीले मात्र देखाउनुपर्छ, नेपालीले पर्दैन,' नमिलेको कपाल, फोहोर जुत्ता र पसिनाले भिजेको टिसर्ट लगाएको त्यो गोराले भन्यो ।

'पर्दोरैछ,' मैले भनैं ।

'म नेपाल पनि बसेको छु,' उसले त्यत्तिकै भन्यो- 'बोदीनाथ ।'

मैले भेटेका कुनै खैरेले 'बौद्धनाथ' को सही उच्चारण गरेको मलाई थाहा छैन । आर्म्सट्र्डम सहरको त्यो मान्छे चीनबाट उडेर कोलकाता हुँदै सिक्किम घुम्ने उद्देश्यले त्यहाँ पुगेको थियो । अरूलाई जस्तो त्यसलाई पनि सही उच्चारण सिकाउने जाँगर र फुर्सद मसँग थिएन । सिलिगुडीतिरबाट चढेको सुमो एकैछिन रोकिएको थियो सिक्किम छिर्ने नाका रङ्पोमा । त्यसबाट उकालो लाग्नुअघि सिक्किम पर्यटन कार्यालयमा परिचयपत्र दर्ता गरेर अनुमति-पत्र बोक्नैपर्छ ।

'सकेसम्म छिटो गर्नु है,' बंगाली तर नेपाली पनि बोल्ने चालकले यात्रुहरूलाई भनेका थिए । काठमाडौंको एउटा बोर्डिङ स्कुलमा पढ्ने आफ्नै बच्चालाई लिएर दसैंको बिदामा सिक्किम स्थित घर फर्केकी महिलाले पनि छोराको स्कुले आईडी कार्ड सिक्किमी सिमानामा दर्ता गर्नैपर्ने भो । 'झन्झट मात्रै,' महिलाले सुमोमा फर्केपछि आफ्नी साथीसँग भनिन् ।

'नचाहिँदो ढोङ्,' सुमोको पछिल्लो भागमा ठ्याक्कै मेरो सामुन्ने बसेको ठिटोले मैलाई हेर्दै भन्यो ।

म बोलिन । टिस्टा खोलालाई तल छाड्दै सुमो उक्लिरहेको थियो नागबेली राजमार्गमा । ऊ पनि रोकिएन ।

'दिने बेलामा आफ्नो देश सुत्तै अर्कालाई दिए,' उसले भन्यो, 'आफ्नो स्वाभिमान बेचे । पहिचान अरूलाई सुम्पिए । अहिले खुबै पर्मिट र भिसाको फुर्ती लगाउँछन् ।'

■■■

३४ वर्षअघि अर्थात् सन् १९७५ अप्रिल २६ को दिउँसोसम्म सिक्किम 'लगभग स्वतन्त्र' राष्ट्र थियो । ताप्लेजुङ सँग जोडिएको तर त्योभन्दा झन्डै दोब्बर क्षेत्रफलको सिक्किम देशका आफ्नै राजा थिए, प्रधानमन्त्री थिए र झन्डा थियो । त्यो दिउँसो अचानक पाँच हजार भारतीय सेनाले गान्टुक सहर छोपेका थिए । घुमाउरो सडक उक्लेका सैनिक गाडीहरूले शान्त पहाड थर्काएका थिए र डाँडाको दरबारमा बस्ने राजा उत्सुक हुँदै झ्यालतिर दौडेका थिए । दुई सय ४३ गार्डहरूको सुरक्षा घेरामा रहेका राजा (चोग्याल) पाल्देन थुन्डुप नाम्गेलका आँखैअगाडि भारतीयहरूले सिक्किममाथि धावा बोलेका थिए । दरबारमा फहराइरहेको सिक्किमी झन्डा निकालेर भारतीयहरूले आफ्नो 'तिरङ्गा' झुन्डाए र राजालाई बन्दी बनाए । दरबारको मुख्य गेटका गार्ड १९ वर्षे वसन्तकुमार क्षेत्री भारतीय गोलीबाट त्यहीं लडे भने बाँकीलाई भारतीय सेनाहरूले कब्जामा लिए । ट्रकमा खाँदेर अन्यत्र लैजाँदै गर्दा हात उचालेका ती सिक्किमी गार्डहरू लेप्चा भाषामा चिच्याएका थिए- 'डेला सिल, लि गि, ग्याङ् चाङ्का चिब्सो ।' (मेरो देश फूलहरूझैँ फुलिरहोस् ।) त्यो दिन सिक्किममा व्यापक रूपमा फुल्ने सुनाखरीले राष्ट्रिय फूलको मान्यता गुमाए । भारतको २२ औं र सबैभन्दा सानो राज्यका रूपमा सिक्किको राष्ट्रिय फूल 'कमल' भयो ।

होटलका रिसेप्सन कक्षहरूमा नेपाली व्यान्ड नेपथ्यको 'रंगीन चरा' गीत बजाउने र साढे पाँच लाख बहुजातीय जनसंख्याले नेपालीमा सम्पर्क गर्ने सिक्किमबारे नेपालमा कसलाई थाहा छैन ? 'सिक्किमीकरण' बितेका केही दशकमा नेपाली सामाजिक छलफलको एउटा उल्लेख भइरहने शब्द बनेको छ ।

■■■

सन् १७१७ देखि १७३३ सम्म सिक्किमलाई पश्चिमतिरबाट नेपाल र पूर्वतिरबाट भुटानले खुबै आक्रमण गरेका थिए । १७९१ मा सिक्किम र तिब्बतलाई गोर्खालीहरूको आक्रमणबाट बचाउन चीनले सेना पठाएको थियो । नेपाललाई हराएपछि सिक्किममाथि चिनियाँ क्विङ् वंशले नियन्त्रण जमायो । भारतमा बेलायती साम्राज्य आएपछि सिक्किमले साझा शत्रु नेपालका विरुद्ध उनीहरूसँग मित्रता गर्‍यो । नेपालीले सिक्किममाथि फेरि हाने र बचाउमा शक्तिशाली ब्रिटिस आउँदा संघर्ष १८१४ को 'गोर्खा युद्ध' मा बदलियो । १८१७ मा नेपाल र सिक्किमले सन्धि गरे जसबाट नेपालले कब्जा गरेको दार्जिलिङ लगायतको भूभाग सिक्किमले फिर्ता पायो । दार्जिलिङलाई ब्रिटिसहरूले १८५३ मा सिक्किमबाट खोसे र सिक्किमका राजा आंशिक रूपमा बेलायती उपनिवेश अन्तर्गत रहेर सिक्किममा शासन गर्न पाउने अवस्थामा पुगे । त्यही वर्षदेखि सिक्किमले सार्वभौमसत्ता गुमाउन थालेको थियो । १९४७ मा भारत स्वतन्त्र भएपछि सिक्किममा जनमत संग्रह भयो जसले भारतमा नगाभिने निर्णय गर्‍यो । त्यसै वर्ष भारतले सिक्किमसँग सन्धि गर्‍यो जसले सिक्किमको परराष्ट्र, रक्षा र सञ्चारमा भारतीय नियन्त्रण कायम गरायो । त्यो दिन सिक्किमी सार्वभौम दोस्रोपटक अझ ढंगमा गुम्यो ।

■■■

सुमो उक्लिरहेको छ । एक घन्टा पनि लाग्दैन अब गान्टुक पुग्न । म सामुन्ने बसेको ठिटोका आँखामा देखिएको रिस हटेको छैन । हुनलाई ऊ पनि सिक्किमकै हो तर प्रमाणपत्र नभएको । त्यसैले ऊ रङ्पो चेकपोस्टभन्दा केही अघि ओर्लेर हिँडेरै पश्चिम बंगाल-सिक्किम सीमा तरेको थियो । चेकपोस्ट कटेपछि चलाखीपूर्वक सुरक्षाकर्मीलाई छक्याउँदै गाडीमा छिर्दा ऊ केही सन्तुष्ट पनि थियो ।

'सानैदेखि उता बसियो,' उसले नेपालको संकेत गर्दै मेरो मेरो एक प्रश्नमा भन्यो, 'उताको चप्पा चप्पा थाहा छ । यताको छैन ।'

सात वर्षअघि नेपाली राजमार्गहरूमा १० चक्के ट्रक चलाउन थालेको ३० वर्षेले एउटी केटी पट्टचाएर झापामा घरजम गर्नुअघि केही समय काठमाडौंमा बस्यो र डोटीदेखि सिन्धुपाल्चोक सम्मको कार्यगत भ्रमण गर्‍यो । अचेल पूर्वमा गाडी चलाउने ऊ गान्टुक नजिकै बस्ने परिवारसँग दसैं मान्न सिक्किम हानिएको थियो । 'गान्टुकमा दाजु छ,' उसले भन्यो, मेरो आइफोनबाट तिनीसँग कुरा गर्‍यो र सिद्देपछि थप्यो- 'दाजु खै कुन ब्यांकमा गार्ड हुन्, कमाउँछन् सात हजार । धेरै वर्षपछि बाआमासँग दसैं मनाउन जान लागेको ।'

त्यसको छनक उसको फोनवार्तामा मिलेको थियो । 'पर्खी है मलाई,' उसले भनेको थियो- 'नजा है । तँ रैनछस् भने म सोझै फर्किन्छु नेपाल ।'

'मेरा दाजु साथीजस्तै छन्,' म मुस्काएको देखेपछि उसले प्रस्टीकरण दिएको थियो- 'म दंग्याउँछु तिनलाई ।'

■■■

सात महिना अघि दार्जिलिङको जिमखाना क्लबबाट नर्थप्वाइन्ट जाँदै गर्दा प्रभातकालीन यात्रामा निस्केका गोर्खालीले मलाई बाटो देखाइदिएका थिए । मैले 'नेपालबाट' भन्नासाथ उनीहरूले इतिहासप्रति गुनासो गरेका थिए- 'ती नेपाली राजाहरू पनि कस्ता, हामीलाई छाडेर गएका । ब्रिटिसबाट हामीलाई फिर्ता लानु पर्दैनथ्यो ? हुतिहाराहरू, हामीलाई आफ्नै भूमिमा विदेशी बनाएर गए । आज हामीले आफ्नो पहिचानका लागि लड्नुपरेको छ ।' भारतमा त्यतिखेर संसदीय चुनाव हुँदै थियो, छुट्टै गोर्खाल्यान्ड राज्य माग्ने त्यस भेकका जनताले भारतीय जनता पार्टीका उम्मेदवार जसवन्त सिंहलाई समर्थन गरेका थिए । त्यसै दिन दिउँसो सिंह जिमखाना क्लबमा बोल्दैथिए । 'अब अहिले भारतभित्रै, बाहिर पनि होइन है, छुट्टै राज्य लिन यत्रो संघर्ष गर्नुपरेको छ,' एकजनाले भने ।

सात महिनापछि सिक्किम यात्राको तीन दिनअघि न्यु जलपाइगुडी लक्षित ट्रेनमा भेटिएका विराटनगरका तन्नेरीले चाहिँ इतिहासबारे फरक टिप्पणी गरेका थिए- 'ती राजाहरू पनि कस्ता, मनलागेको पहाड छानीछानी कब्जा गरेर बस्नु नि, किन हाम्रो मधेसमा आउनुपरेको ? नआएको भए हामीले पनि दोस्रो दर्जाको नागरिक हुनु पर्दैनथ्यो अहिले । भारतकै भएको भए पनि राम्रै हुन्थ्यो ।'

सिक्किम यात्राको तीन दिनपछि मैले मेघालयको राजधानी सिलोङमा एकजना नेपालीभाषी उपन्यासकारलाई सुनें- 'हामी त्यो 'बसाइँ' उपन्यासमा देखाए जस्तो नेपालबाट बसाइँ सरेर यहाँ आएका हौं र ? होइन । नेपाल हामी र यो जमिनलाई छाडेर फर्केको हो । त्यसैले हामी भूमिपुत्र हौं ।' तर तिनले आफ्नो पछिल्लो उपन्यासबाट 'भूमिपुत्र' शब्द हटाए किनकि उनका गोर्खाली हितैषीले भने- 'यो शब्द नराखौं । (मेघालयमा बहुमत) खासीहरूले आफूलाई भूमिपुत्र भन्छन् । हामीले पनि भन्दा राजनीतिक रूप लिन्छ ।'

'अब यहाँ विवाद गर्नुको अर्थै छैन,' ती उपन्यासकारले भने- 'यहाँ उनीहरूकै दबदबा छ, हामी चुपचाप सह्यो, बस्यो ।'

> 'अब यहाँ विवाद गर्नुको अर्थै छैन,' ती उपन्यासकारले भने- 'यहाँ उनीहरूकै दबदबा छ, हामी चुपचाप सह्यो, बस्यो ।'

■■■

सिक्किममा चाहिँ अहिलेसम्म नेपाली भाषी लेप्चा, भुटिया र पहाडेहरूकै दबदबा छ र सिमानाको कडाइ एकदृष्टिले नेपालबाट गएका नेपाली त्यहीं नबसून्/काम नगरून् भन्नेमा पनि लक्षित छ । 'पर्मिट' भारतीयहरूलाई पनि चाहिन्छ तर चीनसँगको 'संवेदनशील' सीमाक्षेत्रमा बाहिरियाहरूलाई पहुँच मिल्दैन । सार्वभौमसत्ता पूरै गुमाउँदा जस्तो आन्तरिक कलह अहिले सिक्किममा छैन तर मुख्यमन्त्री (सीएम) को नागरिकता विवादमा यदाकता जुलुस हुन्छन् । 'हाम्रो सीएम सापको कत्तिको चर्चा हुन्छ काठमाडौंमा ?' अष्टमीको साँझ अफिस बन्द गरेर दसैं मनाउने तरखरमा रहेका एक पत्रकारले मलाई सोधे ।

'खासै भएजस्तो लाग्दैन,' मैले भनैं ।

'उनीसँग नेपालको नागरिकता छ भन्ने आरोपमा अस्ति यहाँ जुलुस भयो,' तिनले भने- 'उनले छैन भनेका छन् ।'

खासमा मुख्यमन्त्री पवनकुमार चाम्लिङ र त्यतिबेला बाँचेका सिक्किमेलीहरूको नागरिकता भारतले सिक्किम कब्जा गरेकै दिन 'भारतीय' मा बदलिएको थियो । त्यसयता भारतीय संविधानमा सिक्किमलाई अन्य राज्यहरूभन्दा अलि विशेष ध्यान दिने लवजका प्रावधान राखिएको छ । अन्तर्राष्ट्रिय जगत्, विशेषगरी चीनलाई देखाउन, भारतले सिक्किममा व्यापक आर्थिक लगानी गरिरहेको छ ताकि सिक्किमेलीहरू १९७५ को त्यो दिन बिर्सिएर दिल्लीप्रति अनुग्रहित हुन नछाडून् ।

'भारतीय सरकारले जतिसुकै पैसा खन्याए पनि विलय भएपछि धेरै गुमाएका छौं,' अखिल सिक्किम शिक्षित स्वरोजगार र बेरोजगार संगठनका कार्याध्यक्षले एउटा वेबसाइटमा लेखेका छन्- 'हामीले हाम्रो देश गुमायौं । राष्ट्रियता गुमायौं । पहिचान गुमायौं ।'

त्यो वेबसाइट मैले गान्टुक बजारको सुन्दर भाग 'महात्मा गान्धी मार्ग' को एउटा कुनामा निःशुल्क फैलिरहेको वाइफाईमार्फत फोनमा पढेको थिएँ जो आफैँमा एउटा विरोधाभाष थियो । सिक्किममा भएको विकास (सार्वजनिक स्थलमा वाइफाई) को साक्षी गान्धीको सालिक भएको छ । तिनै गान्धी जसले उपनिवेश विरोधी अभियान छेडे र भारतलाई स्वतन्त्र तुल्याए ।

'तीस वर्षअघि मात्र उपनिवेशविरोधी सिद्धान्त अनुरूप स्वतन्त्र भएको भारतले (सिक्किममाथि त्यस्तो गर्नु) आडम्बरी कदम थियो,' एकजना सिक्किमेलीले लेखेका छन्- 'भारतीय सरकारले सिक्किमेलीको हितमा काम गर्नैपर्‍यो नि किनकि हामी पनि भारतीय हौं र त्यसका लागि हामीले महँगो मूल्य चुकाएका छौं- हाम्रो पहिचान !'

हुन त १९७५ को त्यो दिन आउनुमा भारतीय चाहनामात्र जिम्मेवार थिएन । गुप्त भारतीय प्रोत्साहनमा प्रधानमन्त्रीको तहमा पुगेका तथा अन्य प्रभावशाली सिक्किमेली नेताहरूले आफ्नो स्वाधीनता खुलेआम आफ्नै संसद्मा बेच्दै औपचारिक प्रस्ताव मार्फत देश कब्जामा लिन भारतीयहरू गुहारेका थिए । बितेका थुप्रै वर्षदेखि नेपाली राजनीति र समाजमा जस्तो किचकिच, झैझगडा र विदेशी सक्रियता भइरहेको छ, त्यतिबेला सिक्किममा त्यस्तै भएको थियो । त्यसैले नेपालमा राष्ट्रियता कमजोर तुल्याउनेतिरका प्रयासलाई लेन्डुप दोर्जे प्रवृत्ति भनिन्छ । तिनै काजी लेन्डुप जसले तत्कालीन प्रधानमन्त्रीको हैसियतमा सिक्किमलाई भारतमा गाभ्न महत्त्वपूर्ण भूमिका खेले र दुई वर्षअघि सिक्किम नजिकैको पहाड कालेङ्पुङमा सबैबाट तिरस्कृती अवस्थामा मृत्यु वरण गरे । सिक्किम गाभ्ने उद्देश्य पूरा भएपछि भारतले लेन्डुपलाई कुनै महत्त्व दिएन । गान्टुकमा राजाको दरबार परित्यक्त अवस्थामा छ । दसैंको नवमीका दिन म पुग्दा मुख्य गेटमा एक जना सुरक्षाकर्मी थिइन् जसले नियमविपरीत मलाई छिर्न दिइन् (मैले धन्यवाद दिएँ) । भित्री गेट बन्द थियो, परिसर सुनसान । नजिकैको शताब्दी भन्दा पुरानो गुम्बा बाहिर चारजना फुच्चे लामाहरू अग्लो रुखमा झटारो हान्दै ओखर झारिरहेका थिए । काजी लेन्डुप नेपालीहरूका लागि समेत कति चासो र डरको विषय थिए, तिनको मृत्युलगत्तै सिक्किम कान्डबारे पनि जानकारी दिँदै 'नेपाल' साप्ताहिकमा सुधीर शर्माले लेखेको एउटा लेख अंग्रेजीमा अनुदित भयो, कयौं वेबसाइटमा छरियो र थुप्रै नेपालीले त्यसलाई एकअर्कामाझ व्यापकरूपमा इमेल गरेका थिए ।

■■■

गान्टुक पुग्नै लाग्दा ट्रक ड्राइभरलाई मैले सोधेको थिएँ- 'देश बेचेको कुरा कसरी थाहा भयो ?'

मेरो अनुमान ठीक थियो- नेपाली चियागफहरूमा उसले त्यसबारे जानेको रहेछ ।

त्यतिन्जेलसम्ममा उसले मेरो व्यावसायिक परिचय पाएको थियो र तस्बिर खिच्न अस्वीकार गरिसकेको थियो । 'मलाई नेपालमा ट्रक चलाउनु छ,' उसले भन्यो, नाम नलेख्न अनुरोध गर्‍यो र भन्यो- 'सिक्किम आउन त ऊ, देखिहाल्नु भो, कति पछि आउँदा पनि लुकीलुकी आउनुपर्‍यो । आफ्नै देशमा पनि ।'



koseli@wagle.com.np